**राजा दाऊद पिताको रूपमा** - छोटो नोटहरू

डच पुस्तकबाटः Als David je vader... Teun Stortebeker

दाऊदको उदय, गोठालो देखि राजा सम्म। सन्दुकलाई यरूशलेममा ल्याउँदै।सबै साइटहरूमा विजय।धेरै पत्नी र छोराहरू

२ **शमूएल** ३ः२-५२ **शमूएल** ७ः८-१६ तिम्रो छोराले मन्दिर बनाउनेछ।(ः१४) अनुशासन

२ **शमूएल** ११,१२ – बथशेबा, प्रलोभन, व्यभिचार, हत्या, मृत्यु, पश्चात्ताप।

२ **शमूएल** १३ः१-१४ – अम्नोन र तामार

**प्रेम न्याय हो। अनुशासन भनेको प्रेम हो।**

राजाका छोराहरूको हैसियतमा, दाऊदले आफ्ना छोराछोरीहरूलाई **अनुग्रह** दिएका हुन सक्छन् र उनीहरू सजाय योग्य हुँदा पनि उनीहरूलाई उचित सजाय दिएनन्। त्यसैले तिनीहरू धेरै गलत कुराहरूमा टाढा गएका हुन सक्छन्।

प्रेम साँचो न्याय हो। २ **शमूएल** ७ः१४, **हितोपदेश** १३ः२४

अम्नोनले वास्तवमा आफ्नो बुबाबाट के सिके?

याद गर्नुहोस्ः बथशेबा, व्यभिचार, हत्या, मौन। नातान अगमवक्ता नआउन्जेल। (२ शमूएल १२)

सायद त्यहाँ बाबु-छोरा कुरा भएको थिएन, केही बुझाइएको थिएन। अम्नोनले कथाहरू मात्र सुने।

यस संसारमा अम्नोन एक आफ्नै यौन चाहनाहरूको मानिस बन्न पुगे, किनभने ऊ कहिल्यै आफ्नो बुबाद्वारा  सुधार न गरिएको हुन सक्छ, उसले सँधै आफूले चाहेको कुरा पायो. एक फोनी कहानी संग उसले आफ्नो बहिनी आफ्नो बेडरूम मा पुर्यायो  र आफ्नो यौन कल्पनालाई व्यवहारमा उतार्यो.

**२ शमूएल १३ः१५-२२**

**सुनको खोरमा एक्लो ।**

“अँहँ, मलाई यसरी निकाल्नु त साह्रै दुष्ट कुरा हो। तपाईंले मसित गर्नुभएको कामभन्दा यो झन् असहाय छ।” २ शमूएल १३ः१६

अब्शालोमले आफ्नी बहिनी रोएको सुने, उनीकहाँ गए र के भएको थियो सुने। तिनले तिनलाई यी शब्दहरूद्वारा सान्त्वना दिन खोजेः “अहिले चुपचाप बस, मेरी बहिनी; ऊ तिम्रो भाइ हो। यो कुरा मनमा नलिनु। तामार आफ्नो भाइ अब्शालोमको घरमा बस्थे, (जो एक उजाड स्त्री)। २ शमूएल १३ः२०

? तपाईं यस सल्लाहको बारेमा के सोच्नुहुन्छ? तपाईले कस्तो सल्लाह दिनुहुन्थ्यो? तामारलाई के चाहिएको थियो?

……………………………………………………………………………………………

……………………………………………………………………………………………

**२ शमूएल** १३ः२३ - **दुई वर्ष पछि ....**

जब उनले बलात्कारको बारेमा सुने दाऊद क्रोधित थिए , .... तर उनले केहि गरेनन्.

पूरा दुई वर्ष शान्त बित्यो । अम्नोनलाई सजाय दिइएन र केही नभएको जस्तो जीवन बिताए। अब्शालोम खतरनाक रूपमा शान्त थिए र सबैले आफ्नी बहिनीको बदला लिने दिन कुरिरहेको महसुस गरिरहेका थिए। दाऊद चुपचाप बसे। तामार चाही हातबाट गइरहेकि थिई ।

तिक्तता खुवाइएको थियो, कारण केहि न गरेकाले, न न्याय, न शासन, न फैसला। अब्शालोम, उसको नामको अर्थः बुबा शान्ति हुनुहुन्छ - न्याय चाहनु हुन्छ। यो एक इच्छा जो आफैमा राम्रो हो, तर यो घृणा द्वारा संचालित थियो। हरेक दिन जब उसले आफ्नी शोक गरिरहेकी बहिनीलाई देख्थ्यो, उसको घृणा बढ्थ्यो, र उसले योजना बनाउन थाल्यो।

**२ शमूएल १३ः२३-३२**

पहिले तिनले दाऊदलाई भेडा कत्राउने पार्टीमा आउन निम्तो दिए, तर दाऊदले अस्वीकार गरे। तैपनि तिनले अम्नोनलाई जाने बनाए। त्यहाँ अब्शालोमले अम्नोनलाई मारे। दुई वर्षपछि, पाप पूर्ण रूपमा बढ्यो र मृत्युलाई जन्म दियो। रोमी ६ः१६ अम्नोनले आफ्नी बहिनीलाई बलात्कार गरेको दिनदेखि नै यो अब्शालोमको अभिव्यक्त अभिप्राय थियो भनी सबैलाई थाहा भयो। २ शमूएल १३ः३२ (कसरी दाऊदलाई थाहा भएन? )

लागूपदार्थको सहारा लिने युवाहरूले प्रायः यस्तै गलतफहमीको भावना साझा गर्छन्। आफूमाथि अन्याय भएको महसुस गर्छन् ।तिनीहरू लागूपदार्थमा जानु र यसको वैकल्पिक जीवनशैलीबाट बाहिर निस्कने बाटो खोज्छन्। अब्शालोमले जस्तै, तिनीहरूले यस संसारमा थप अन्याय मात्र ल्याउनेछन्।

तपाइले संचार गर्न सिक्नु धेरैनै महत्वपूर्ण छ। यो सत्य होइन कि मृत्यु एक मात्र बाटो हो। विशेष गरी पारिवारिक वातावरणमा, धेरै तितोपन हुन सक्छ। तीतो भावनाहरू समय संगै बितेर नजाला। जबसम्म कुनै कुरालाई खुलेर सम्बोधन गरिदैन, तबसम्म यसले तपाईंलाई खाइरहन्छ। तीतोपनले टाइम-बम जस्तै काम गर्छ, जब जब समस्या दोहोरिन्छ, तीतो मानिसहरूले पहिलो पटक त्यसबाट गुज्रिरहेको भन्दा दोब्बर हिंस्रक प्रतिक्रिया दिन्छन । कुराहरू स्वीकार वा खुलेर छलफल गरिसकेपछि मात्र समयले हाम्रा घाउहरू निको पार्नेछ।

**मौनता सधैं सुन हुँदैन।**

यद्यपि हामीले राजा दाऊदबाट र परमेश्वरसँगको उहाँको व्यक्तिगत हिँडाइबाट धेरै कुरा सिक्न सक्छौं, हामीले यो देख्नुपर्दछ कि यी  विशेष व्यक्ति बोल्न आवश्यक हुँदा मौन थिए।

उहाँ क्रोधित हुनुहुन्थ्यो ... तर त्यहाँ कुनै मानिससँगको कुराकानी थिएन, इजरायलको कानून अनुसार कुनै सजाय थिएन।

? दाऊदले के गर्नुपर्थ्यो? बाबुको रूपमा र राजाको रूपमा?

..........................................................................................................

..........................................................................................................

दाऊदसँग आफ्ना गल्तीहरू स्वीकार गर्ने र तिनीहरूलाई स्वीकार गर्ने र नम्र भई परमेश्वरमा फर्कने आत्मिकी  शक्ति थियो। तर उनले आफ्नो गल्तीबाट परिवारमा परेको घाउ भने सुल्झाउन सकेनन् । छोरा-छोरीहरुलाई   दाऊदको पश्चात्ताप, उनको दुःख र अनुग्रहको बारेमा के थाहा थियो?

दुर्भाग्यवश दाऊदले आफ्नो जिम्मेवारी लिएनन्, र के भएको थियो भनेर इन्कार गरे (मौन) र फेरि के भइरहेको छ भनेर अस्वीकार गरे (मौन)। <u>दाऊदले विगतमा के भयो (व्यभिचार र हत्या) र अहिले के भइरहेको छ (बलात्कार) बारे कुरा गर्नुपर्थ्यो। यदि हामीले हाम्रो पारिवारिक इतिहासको कम सुखद पक्षहरूलाई अस्वीकार गर्दैछौं भने, यसले घटना पुनरावृत्ति र वृद्धिको बाटो खोल्छ।</u>

केटाकेटीहरूले तपाईं परमेश्वरसँग एकान्तमा को हुनुहुन्छ भन्ने कुराको सिको गर्दैनन्, तर तिनीहरूले देखेका, सुनेका र महसुस गर्ने (वा भावना) को सिको गर्छन्। यो निर्णायक हुन्छ र यसैमा तिनीहरूले आफ्नो जीवनशैली निर्माण गर्छन्। के तपाईंका छोराछोरीहरूले साँचो क्रिश्चियन हिड़ाई देख्छन्, वा केवल धर्म र धार्मिक कार्यक्रम वा पर्व? के तिनीहरूले तपाईंले परमेश्वरको वचनलाई मनमा राख्दै र त्यसमा कार्य गरिरहनुभएको देख्छन? तिनीहरूले सुरुमा यसको विरोध गर्न सक्छन् वा यसको विरुद्ध विद्रोह गर्न सक्छन्, तर यसले तिनीहरूलाई अन्तमा आफैं अनुसार जीवन बिताउन धेरै सजिलो बनाउँछ।

हामीले गरेका कामहरूको लागि जिम्मेवारी लिने हिम्मत गर्नै पर्छ, कारण जो कोही भए पनि। यसको बारेमा कुरा गरौं, पीडाभए तापनि । पाप जहिले पनि नगण्य (सानो) रूपमा सुरु हुन्छ, तर जबसम्म यसलाई सुरुमै सम्बोधन गरिएन भने, यसले हामीमा मात्र होइन, हाम्रा छोराछोरी र नातिनातिनाहरूमा पनि विनाशकारी प्रभाव पार्ने हुन्छ ।

पापको बारेमा मौन रहनु, पक्कै पनि सुन होइन।

**राजा कि पिता?**

दाऊदले आफ्ना छोराहरूलाई माया गर्थे **२ शमूएल १३ः३०-३७**

सुरुमा, उनले सुनेका थिए कि उनका सबै छोराहरू मरे। सौभाग्य वश त्यो सत्य थिएन। उनले अम्मोनको मृत्युमा धेरै दिनसम्म शोक गरे।

२ **शमूएल** १३ः३८-३९

ले भन्छ कि दाऊदले अब्शालोमलाई माया गर्थे। योआब, उनका सेनापतिले दाऊदलाई चोट लागेको देखे। उनले दाऊदलाई एउटा कथा बनाएर मद्दत गर्ने निर्णय गरे। अन्तमा दाऊद योआबले अब्शालोमलाई यरूशलेममा घर फर्काउने कुरामा सहमति जनाए। **२ शमूएल १४ः१-२१ (ः२१)**

तपाईलाई अहिले सब ठिक लाग्नसक्छ। तर जब योआब अब्शालोमसँग फर्के, राजा दाऊदले तिनलाई भेट्न इन्कार गरे। **२ शमूएल १४ः२३-२४**

आफूलाई अब्शालोमको बुबा साबित गर्न दाऊदकोलागि यो मौका  थियो, तर उनी फेरि असफल भए। तीन वर्षको निर्वासनमा बिताएपछि योआब उनलाई फर्काउन आएका थिए कि उनको बुबाले तिनीलाई खोजिरहेका थिए। उनि यरूशलेम नजिक आउँदा प्रत्याशाले भरिएको हुनुपर्छ। तर बुवालाई भेट्न नसक्ने खबर उनले  पाए। उनी आफ्नै घरमा बस्न सक्थे तर बुबा  राजालाई भेट्ने कुरा सम्भव हुनसकेन। अब्शालोमलाई अस्वीकार गरियो। कुनै प्रक्रिया छैन, सम्बन्ध पुनर्स्थापना छैन। फेरि, मौनता र एकअर्कालाई बेवास्ता। पहिले जस्तै। योआबको हस्तक्षेप पछि दाऊदले पश्चात्ताप गरेका थिए तर आफूलाई कसरी सम्हाल्ने र पुनर्स्थापनाको प्रक्रिया जारी राख्ने उनलाई थाहा थिएन।

अब्शालोमले अन्ततः योआबलाई हस्तक्षेप गर्न आग्रह गरे तब राजाले आफ्नो छोरालाई आउन अनुमति दिए

२ **शमूएल** १४ः३३

यहाँ पनि दाऊदलाई आफ्नो छोराको बुबा हुन र सम्बन्ध पुनर्स्थापित गर्न अर्को मौका थियो । तर अब्शालोमलाई राजाले बोलाए, राजालाई दण्डवत् गरे र राजाले तिनलाई चुम्बन गरे भनी बताउँछ। यस पदमा तीन पटक 'राजा शब्दको उल्लेख गरिएको छ। 'बुवा' हुनुपर्थ्यो । अब्शालोमको नामको अर्थ 'मेरो बुबा शान्ति हो' (अब्बा शालोम) हो। दाऊदले यस समयमा यो अर्थ पुष्टि गर्न सक्थे। तर उनी फेरि असफल भए । यसको सट्टा त्यहाँ दूरी र एक चुम्बन थियो। एक यहूदा चुम्बन जस्तो। चिसो र अपमानजनक। यसले पुष्टि गर्छः तिमी झुक्छौ, किनकि म राजा (वा पास्टर) हुँ।

**एक हरामी (अवैध बच्चा) को लागी दया।**

दाऊदले बुबाको रूपमा आफ्नो भूमिका निर्वाह गर्ने तरिकालाई विचार गर्दा, तपाईंले दाऊदलाई मात्र एक खराब मान्छे हो भनेर सोच्न थाल्न सक्नुहुन्छ। तर पनि कम सत्य छैन।

हामी यस्तो सोच्न सक्छौंः 'परमेश्वरले दाऊदमा के देख्नुभयो? किन उसलाई भेडाको पछाडिबाट तानेर निकाल्नु भो?'

जब इजरायलका अगमवक्ता र न्यायाधीश शमूएलले इशैलाई आफ्ना सबै छोराहरूलाई आफ्नो अगाडि ल्याउन आग्रह गरे, तब इशैले दाऊदलाई ल्याउने विचार पनि गरेनन् (**१ शमूएल १६ः५-१३**) दाऊद एक 'भुले बिर्से' बालक जस्तै थिए।

दाऊद र तिनका छोराहरूको इतिहासले हामीलाई बताउँछ कि यो प्रतिभाशाली राजाले आफ्नो जीवनमा कुनै राम्रो रोल मोडेल देखेका थिएनन्। शक्तिशाली शमूएलका छोराहरू थिए जुन पूर्णतया बाटोबाट भड्किएका थिए, जस्तै एली, शमूएल भन्दा अघि पूजाहारी थिए। **१ शमूएल** ८ः३ तिनीहरूले बेइमान कमाइको पछि लागेका थिए, घूस लिएका थिए र न्यायलाई विकृत गरेका थिए। राजा शाऊलद्वारा तिनलाई धेरै खराब उदाहरण दिइएको थियो। शाऊलबाट तिनले सहनु पर्ने सबै कुराहरू साथै, शाऊलले तिनले  माया गर्ने पत्नी पनि खोसेर अरू कसैलाई दिए। **१ शमूएल** २५ः४४

दाऊदले गल्तीहरू गरे, ठूला गल्तीहरू गरे, तर उनी परमेश्वरमा फर्किए र आफ्ना पापहरू स्वीकार गरे। उनले पश्चात्ताप गरे र प्रायश्चित गरे। उनले आफ्नो जीवनशैली परिवर्तन गर्न काम गरे। तर जब उनले अन्ततः कुराहरू व्यवस्थित गरे, उनि कमजोर भए र फेरि कठिन समयमा आए।

**अब्शालोमको घृणा अभियान**

अब्शालोमले निहुरेर चुम्बन पाएका थिए। तर त्यो त्यत्ति थियो। त्यो चिसो र दूरीमा थियो। आफ्नी बहिनीको बलात्कारीलाई न्याय मिल्छ कि भनेर अबशालोम दुई वर्ष पर्खिरहेका थिए। तर केही भएन बिल्कुल केही पनि। त्यसपछि अन्ततः तिनले आफैं गरे, किनभने इस्राएलका न्यायकर्ताले आफ्नो काम गर्न इन्कार गरे। तर अपराधी बनेर देश छोडेर भाग्नुपर्‍यो । त्यसपछि तीन वर्षको पर्खाइ पछि कसैलाई यो उचित छैन भन्ने विचार आयो र उसलाई यरुशलेम फर्कन अनुमति दिइयो। तर उनले अन्ततः दर्शनको अनुमति दिनु अघि अर्को दुई वर्ष कुर्नुपर्‍यो। र त्यसपछि उसले त्यो भयानक चुम्बन प्राप्त गर्‍यो।

**२ शमूएल** १५ः १-६ अब्शालोम क्रोधित भयो उसले आफैंलाई एक रथ र घोडाहरू र पचास जना मानिसहरूलाई आफ्नो अगाडि दौडाउनको लागि घृणा अभियान चलायो। मानिसहरूको मन जित्ने प्रयास गर्दै र आफ्नो बुबा राजा दाउदलाई नराम्रो छापमा  राख्दै।

**२ शमूएल १५ः७-९** उनले  चार वर्षसम्म त्यसो गरे । चार वर्षको अन्त्यमा उनी राजाकहाँ गए। सधैं मौन बसेका राजा आफ्ना छोराले सार्वजनिक रूपमा उनीविरुद्ध घृणा र असन्तुष्टि उठाइरहेका थिए। अब्शालोमले आफ्नो बुबालाई जाने अनुमति मागे। दाऊदले उनलाई अनुमति दिए। तर उनले कुनै प्रश्न सोधेनन् । उनले छोरासँग कुरा गर्ने मौका समातेनन । परमेश्वरले उहालाई अर्को मौका दिनुभएको थियो, तर उनले यसलाई फेरि चिप्लन दिए 'शान्तिमा जाओ' उनले भने।

तर उनि र अब्शालोम बीच कुनै शान्ति थिएन, तिनीहरू युद्धमा थिए र तिनीहरू दुवैलाई त्यो थाहा थियो।

**आमाबाबु वा अभिभावकहरूको पक्षबाट मौनता, केवल युवाहरूमा अस्वीकार गरेको महसुस, घृणा र विद्रोह उत्त्पन्न गर्छ।** अब्सालोमजस्तै तिनीहरू समान विचारधारा भएका साथीहरूको समूह

खोज्छन्, जो पुरानो पुस्ताबाट दिक्क छन्। चर्चहरूमा पनि यस्तो हुन्छ। मानिसहरूले मानिसहरूलाई उनीहरूको विचारको पुष्टिको गर्ने रूपमा खोज्छन्, तर यो मूल्य, यो पुष्टि चर्चको प्रमुख, अर्थात्  येशू ख्रीष्टले मात्र दिन सक्नुहुन्छ। एक व्यक्ति जसको भित्री शान्ति छैन र जो घाइते र अस्वीकृत छ, त्यो यो शून्यता भर्न चाहन्छ। एक मिल्ने बानी र अनुमोदन खोज्दै, आफ्नै नियम र भाषाको साथ एक उप-संस्कृति भित्र, मानिसहरू आफू सम्बन्धित वा केन्द्रित भएको महसुस गराउँछ। तर तिनीहरू सधैं निराश हुन्छन र फेरि दुखी हुन्छन। मानिसलाई चाहिने शान्ति र सद्भाव केवल परमेश्वरले दिन सक्नुहुन्छ। र यही शान्तिबाट स्वस्थ, असल र सुदृढ सम्बन्धको जन्म हुन्छ।

जब अब्सालोमले अन्ततः बुझे कि उनका बुबाले तिनीहरूको सम्बन्ध सुधार गर्न केही गर्नुहुन्न, उनी "आफ्ना साथीहरूसँग गए"। न्याय र धार्मिकताको सपना देख्ने चलन। एउटा समूह जसले भन्छः "अब हाम्रो/मेरो आवश्यकताहरू पूरा गर्ने समय हो।"

विद्रोह एक खराब सल्लाहकार हो। तपाईं आफ्नो उदासीमा रहनुहुन्छ र अर्कोमा त्यो प्रसारण गर्नुहुन्छ। जो मानिसहरू घृणाले प्रेरित हुन्छन्, आफ्नो भार अरूमाथि लाद्छन्, तिनीहरूले अरूलाई भ्रमित गर्छन् किनभने तिनीहरू आफैले बाटो गुमाएका हुन्छन। तिनीहरूको आफ्नै जीवनका अराजकताको कारण तिनीहरू अरूको माध्यमबाट आराम र आत्म-पुष्टि खोज्छन्। तिनीहरूले गरेको अपराधको कारण तिनीहरूले धेरै पीडा भोग्नुपरेकोले, तिनीहरू अरूलाई तिनीहरू पूर्णतया फरक छन् भनि ठान्छन। "यदि म न्यायकर्ता भए भने, म तिमीलाई न्याय दिनेछु। <u>तपाईं जतिसुकै सही भए पनिः जबसम्म तपाईं पीडा/अस्वीकारबाट प्रतिक्रिया दिनुहुन्छ, तपाईंले सकारात्मक फल फलाउनुहुनेछैन।</u>

अब्शालोमले आफ्ना मानिसहरूलाई तिनीहरूको पक्षमा जुटाउन र नयाँ राजालाई खुशी पार्न देशभरि आफ्ना मानिसहरू पठाउँछन् **२ शमूएल १५ः१०-१२**

दाऊदका मुख्य सल्लाहकार अहीथोफेल पनि अब्शालोमसँग सामेल भए। **२ शमूएल १६ः२०-२३** अहिथोफेल को थिए, जसका शब्दहरूलाई परमेश्वरका वचनहरू मानिन्थ्यो?  अहिथोफेल को थिए, जसका शब्दहरूलाई परमेश्वरका वचनहरू मानिन्थ्यो?

(२ शमूएल ११ः३ "उनी एलियामकी छोरी र हित्ती उरियाहकी पत्नी बतशेबा हुन् २ शमूएल २३ः३४ गिलोनी अहीथोफेलका छोरा एलियाम, २ शमूएल १५ः१२ जब अब्शालोमले बलिदान चढाइरहेका थिए, उनले अहीतोपेललाई पनि पठाए। दाऊदको सल्लाहकार, आफ्नो गृहनगर गिलोहबाट")

अहितोफेल बतशेबाका हजुरबुबा थिए। एक कटु मानिस, राजाको सबैभन्दा भरपर्दो सल्लाहकारको रूपमा काम गरेको थियो। तर तिनले दाऊदलाई आफ्नी नातिनी विरुद्धको पाप र तिनको परिवारलाई अपमानित गरेकोमा कहिल्यै माफ गरेनन्। अब्शालोमसँग सामेल हुँदा उनले अन्ततः न्याय पाउनको लागि मौका देखे। बथशेबाको पति उरियाको हत्याको लागि पनि।

अहीथोपेल आफ्नो बदला लिन धेरै टाढा गए। **२ शमूएल १६ः२०-२२** उनले अब्शालोमलाई इजरायलको अघि  छतमा दाऊदका पत्नीहरूलाई बलात्कार गर्न सल्लाह दिए। दाऊदले बेतशेबाको

लागि काम इच्छा गरेकै छतमा यो भयो। यसपछि उनले डेभिडलाई मार्ने सल्लाह दिए **२ शमूएल १७:१-४.**

शैतान सधैं परमेश्वरका जनहरूमा विभाजन र विनाश ल्याउन र मानिसहरूलाई तिनीहरूको जीवनको लागि परमेश्वरको योजना र गन्तव्यमा हिंड्नबाट रोक्छ।

अब्शालोम र अहिथोफेलको मुख्य शब्दः क्षमा हुन सक्छ।

उनीहरू दुवैले त्यसो गर्न धेरै मौका पाए । तर मानिसको दिमागमा सबैभन्दा ठूलो समस्या यो हो कि जसले पाप गरेको छ उसले माफी माग्नुपर्छ। त्यो राम्रो हुनेछ, तर सुसमाचारले हामीलाई सिकाउँछ कि हामीले क्षमा पाएका छौं र यसैले हामीलाई अर्कोलाई क्षमा गर्न भनिएको छ। "हाम्रा पापहरू क्षमा गर्नुहोस् जसरी हामीले हाम्रा ऋणीहरूलाई क्षमा गर्छौं।"

जब कसैले भन्छः "म क्षमा गर्न सक्दिन", त्यो वास्तवमा सत्य हो। हामी आफैंबाट क्षमा गर्न सक्दैनौं। केवल परमेश्वरले कसैलाई क्षमा गर्न सक्ने शक्ति दिन सक्नुहुन्छ। जब अन्याय हामीसामु जानाजानी गरिएको छ, केवल पवित्र आत्माले पीडितलाई यतिसम्म ल्याउन सक्नुहुन्छ कि उसले क्षमा गर्न सक्छ। कसैले पनि अर्को व्यक्तिलाई माफ गर्न बाध्य पार्न सक्दैन। यो परमेश्वर र तपाईं बीच को एक कुश्ती हो, यदि तपाईं सबै पीडा, क्रोध र उदासी संग लड्नु पर्छ। तर यदि यो भयो भने यसले परमेश्वरको राज्यको लागि ठूलो सफलता ल्याउनेछ।

येशूले यहाँसम्म भन्नुभयो, "तिमीहरूलाई सराप्नेहरूलाई आशीर्वाद देऊ" कट्टजङ्क ८ः२६

यसको मतलब यो हो कि क्षमा गर्ने पहल ख्रीष्टियनले लिनु पर्छ यदि कसैले तपाईंलाई सराप्न जारी राख्छ भने।

वास्तविक मौका प्रायः अपराधकर्ताको साइटको लागि आउँदैन, तर पीडितबाट। वास्तविक शक्ति त्यहीँ हो। पीडितले परमेश्वरको सहयोगमा क्षमा गर्ने बित्तिकै, वास्तविक आत्मिक मुक्तिले स्थान लिन्छ।

के हामीले क्षमा गरेको बेला न्याय हुन्छ? होइन, त्यहाँ घृणा र सम्भावित बन्धनबाट मुक्ति हुन्छ, तर त्यो न्याय जस्तै त होइन।

## कठिन बाटो

दयालु दाऊदलाई हेब्रोनमा भएको विद्रोहको बारेमा भनिएको क्षण, कुराहरू बदलियो। आफ्नै छोराहरूलाई सत्यले सामना कसरी गर्ने थाहा नभएको मान्छे, अब के गर्ने नयाँ। दाऊदले आफ्नो राज्याभिषेक अघि राजा बन्न प्रयास गरेनन्, न त उनले अहिले आफ्नो शक्ति कायम राख्न प्रयास गरे। दाऊदको लागि, किंगशिप लड्ने कुरा थिएन, तर बोलावट थियो।

**२ शमूएल १५:१३,१४** उहाँले भन्नुभयो, “उठौं र दौडौं। नत्रता अब्शालोमबाट हामी कोही पनि सुरक्षित रहनेछैनौं। हतार गर्नुहोस् र जानुहोस्, नत्र उसले हामीलाई पक्रनेछ र हामीमाथि समस्या ल्याउनेछ। उसले तरवारले सहरलाई नाश गर्नेछ।”

**२ शमूएल १५ः३०** यो एउटा ठूलो त्रासदी थियो। राजाको पछि लाग्दा मानिसहरू रोइरहेका थिए। राजा दाऊद आफ्नै छोराबाट लागि भाग्दै थिए। कस्तो लाजमर्दो कुरा ।

र अझै, राजधानी बाहिरको यो उडान एक टर्निङ प्वाइन्ट भयो। परमेश्वरको हृदयको पछि लाग्ने मानिसले, राजा शाऊलले शिकार गर्दा जस्तै विश्वास र भरोसा देखायो।

दाऊदलाई थाहा थियो कि उनी कोबाट भाग्दै थिए। राजनीतिक प्रतिद्वन्द्वीबाट होइन, आफ्नै छोरा, आफ्नै मासु र रगतबाट। बाबुको रूपमा उसलाई यति हताशपूर्वक हेरेको छोरो, तर बारम्बार निराश भयो।

दाऊद र अब्शालोमको कथा एक साधारण बुबाको एक साधारण छोराको मानव कथा हो। यो बाइबलको सुन्दरता हो, कि सबै कुरा यति इमानदारिपूर्वक र सामान्य रेकर्ड गरिएको छ।

दुर्भाग्यवश यो कथा राम्रोसँग समाप्त भएन। अब्शालोमले आफ्नो बुबाको पछि लाग्न जारी राखे र यो उनको दुखद मृत्युमा अन्त्य भयो। **२ शमूएल** १८ः१४ अब्शालोम र तिनीसँग बीस हजार अरू मरे।

दाऊद रोए र धेरै रोए अब्शालोम, अब्शालोम, मेरो छोरो, मेरो छोरो।

## शासन होइन सेवा

दाऊद स्वभावैले शासक थिएनन्। उनले परमेश्वरको उपहारको रूपमा राज्य प्राप्त गरेका थिए। शाऊलको तुलनामा दाऊदको कुरा के छ कि उसले खुला हातले आफ्नो स्थानलाई ग्रहण गर्यो।

तर दाऊदको एउटा ठूलो समस्या थियो, उनी आफ्नो निजी जीवनलाई आफ्नो सामाजिक जीवनबाट अलग गर्न असमर्थ थिए।

दाऊदले परमेश्वरबाट राजतन्त्र मात्र पाएनन्, उहाँले अझ धेरै प्राप्त गर्नुभयो। उहाँ एक महान कवि र संगीतकार हुनुहुन्थ्यो। उहाँ एक महान अगमवक्ता हुनुहुन्थ्यो। यशैया बाहेक ख्रीष्टको पीडा र मृत्युको बारेमा दाऊदले भन्दा कसैले पनि यति सटीक रूपमा बोलेन। दाऊद एक महान रणनीतिक कमाण्डर र एक महान लडाकु पनि थिए।

तैपनि आफ्नै छोराछोरी हुर्काउने कुरामा उनी असफल भए।

दाऊदको विश्वास, उनको गहिरो आध्यात्मिक चेतना र उनको भविष्यसूचक उपहार अझै पनि प्रशंसा भइरहेको छ। तर उनको निजी जीवनमा, यी सबै उपहारहरू उनको दैनिक पारिवारिक जीवनको वास्तविकतामा प्रयोग भएनन्।

आज पनि हामी देख्छौं कि ठूला अगुवा वा नेताहरूले पनि उस्तै गल्ती गर्छन्। यदि कसैले आत्मिक वरदानहरू प्राप्त गरेको छ भने, तिनीहरू आफ्नै निजी जीवनमा प्रयोग गर्नका लागि हुदैनन् ।

तिनीहरू मण्डली र समाजको लागि हुन्। दान बरदान र प्रतिभाले मात्रै तपाईंको आफ्नै व्यक्तिगत विश्वासको जीवनको बारेमा केही बोल्दैन। यसको लागि अर्को मूल्य प्रणाली आवश्यक छ। जब हामीले हाम्रो व्यक्तिगत जीवनमा परमेश्वरले हामीलाई दिनुभएको दान बरदान या खुबीहरू लागू गर्न जानाजानी छनौट गर्दैनौं, हामी वास्तवमा दुई फरक प्रकारको जीवन बाँचिरहेका छौं। सबै कुरा दान

बरदान / प्रतिभा / स्थिति वरिपरि केन्द्रित छ। तर के हाम्रो परमेश्वरसँगको सम्बन्ध चरित्र र व्यक्तित्वको निर्माण धेरै महत्त्वपूर्ण छ।

**यदि तपाईंले घरमा पनि परमेश्वरको सेवक बन्न रोज्नुभयो भने, यसको अर्थ पूर्ण पारदर्शिता र खुलापन हो, तपाईं जो हुनुहुन्छ त्यही हुनको लागि।** दाऊदको जीवनमा यो पारदर्शिता थिएन। उनी आफ्नी श्रीमती र छोराछोरीप्रति कडा रूपमा असफल भए।

दाऊदलाई परमेश्वरको हृदयमा मानिस भनिन्छ भन्ने तथ्य यो हो कि उसले यो पहिचान गर्यो, रोयो र आफ्नै मनोवृत्तिबाट पश्चात्ताप गर्यो। यसले बुबा र आमाहरूलाई पनि आशा दिन्छ जसले आफैमा यी लक्षणहरू देख्छन्। फर्कने बाटो छ। परमेश्वरलाई हामीले दान-बरदानहरुसंग कसरी व्यवहार गर्ने भनेर थाहा छैन भन्ने तनाव थाहा छ।

यो कथा एक उत्साहजनक चेतावनी हो। दुबै पक्षलाई ध्यानमा राख्न ख्याल गर्नुहोस्। तपाईंको परिवारलाई तपाईंको सेवकाई भन्दा फरक इच्छा हुन्छन। जहाँ बाइबलले एल्डरको आवश्यकताहरूको बारेमा, परिवारमा उसको व्यवहारको बारेमा बलियो रूपमा बोल्छ। त्यहाँ कुराहरू क्रमबद्ध हुनुपर्छ, हामीले सेवाको जिम्मा लिनु अघि मात्र होइन, तर हाम्रो सेवाको समयमा पनि। **(१ तिमोथी ३ः४, ५, १२)**

कसैको निजी जीवनमा काम गर्ने तरिका परमेश्वरको नजरमा उसले/उनले मण्डलीमा लिन सक्ने स्थानको लागि निर्णायक हुन्छ।

के हामी अगुवाको रुपमा सुधारका लागि खुला छौं ? के हाम्रो कान्छो छोरा/बच्चाले हाम्रा कमजोरीहरूको बारेमा केही भन्न सक्छ? के म कुनैपनि माध्यमबाट परमेश्वरबाट कुनै पनि संकेतको लागि खुला छु? परमेश्वरले प्रायः त्यस्ता मानिसहरूलाई हामीलाई सुधार्न प्रयोग गर्नुहुन्छ, जसबाट हामीले आशा गरेकै हुँदैनौं। अन्य अगुवाहरू वा सहकर्मीहरू प्रायः तपाईंलाई सत्य बताउन डराउँछन्, किनभने तिनीहरू पनि आफ्नै अवस्थाका लागि डराउँछन्।

दाउदले आफ्ना छोराछोरीको संगतमा आफ्नो मुकुट फुकाल्ने हिम्मत गरेको भए धेरै कुरा सिक्न सक्थे। (घरमा पास्टर होइन, तर बुबा।)

उनि यौन इच्छालाई नियन्त्रण गर्ने बारे, अम्नोनसँग एक पुरुष ले अर्को पुरुषसंग  कुरा गरे झैं कुरा गर्न सक्षम हुन सक्थे । उनि अब्शालोमसँग न्याय र क्षमाको बारेमा कुरा गर्न सक्थे। उनी तामारसँग बस्न सक्थे, उनलाई सान्त्वना दिन, उनको पीडालाई स्वीकार गर्दै र उनलाई पूर्णतामा लैजान सक्थे। परमेश्वरले उनलाई दिनुभएका सबै कुराहरूलाई अझ धेरै विश्वसनीयता दिन सक्थे।

**नतिजा**

अम्नोनले तामारलाई बलात्कार गरेको समयदेखि अब्शालोम पराजित हुँदासम्मको समय एघार वर्ष थियो। एघार वर्ष जसमा डेभिडले आफ्नै छोराहरूको सामना गर्ने हिम्मत गरेनन्।

जब उनले यरूशलेम छोडे र आफूलाई नम्र पारे, तब मात्र उनि फेरि त्यस्तो मानिस बने जसले परमेश्वर बिना केही छैन भन्ने कुरा महसुस गरे। उनले फेरि पूर्ण आज्ञाकारिता र आत्मसमर्पणता रोजेर परमेश्वरमा भरोसा राखे।

यद्यपि हामी पापमा डुबेको संसारमा बाँचिरहेका छौं, धेरै ख्रिष्टियनहरु यो द्वन्द रोक्न र घरमा असल जीवन बिताउन रोजे, येशू फर्केर आउने  वा तिनीहरूलाई घर लैजाने प्रतीक्षा गर्दै।

जबकि येशूले हामीलाई सुसमाचार प्रचार गर्न, बिरामीहरूलाई निको पार्न र बन्दीहरूलाई मुक्त गर्ने आज्ञा दिनुभएको छ। जब हामी यसबाट टाढा जान्छौं, हाम्रो जीवन डुब्छ, हामी छतमा झुण्डिएझै हुन्छौं र  परिक्षामा खस्छौं। हामीलाई यस संसारमा परमेश्वरको राज्य ल्याउनको लागि यस लडाइँमा सक्रिय रहन भनिएको छ।

**स्रोत मा फर्कनु**

तपाईंको विवाहमा  वा तपाईंको आमाबाबुको हुर्काउने तरिकामा  कमी भएको महसुस गर्दा, तपाईंहरू मध्ये कोही निरुत्साहित हुन सक्नुहुन्छ। दाऊद तपाईं र म जस्तै मान्छे हो। ऊ असफल भयो, र बाइबलले यसलाई हटाउन वा लुकाउन प्रयास गरेको देखिन्दैन। जसरी हामी सबैले गल्ती गर्छौं, हामी सबै पनि आफैलाई उहाँसँग दाज्न सक्छौं।

**हामीले यस कथाबाट के सिक्न सक्छौं कि हाम्रो असफलताको बीचमा, हामीले हाम्रो बीचको सञ्चारमा सकेसम्म लगानी गर्नुपर्छ।**

पति र पत्नी, आमाबाबु र छोराछोरी र भाइबहिनी बीचको संचार।

हामी सञ्चारको युगमा बाँचिरहेका छौं। प्राविधिक रूपमा सबै सम्भव छ, तर यदि हामी हाम्रो सबैभन्दा घनिष्ठ सम्बन्धहरूमा कुराकानी गर्न असफल भयौं भने, यो सबै अर्थहीन छ। जति नै ठुलो गल्ती भएपनि वा जति पटक भएपनि एकअर्कासँग कुरा गरिरहनुहोस् ।

दाऊदले आफ्नो पापको कारणले अविश्वसनीय क्षति बेहोरेको थियो, उनले यहाँ आफ्ना तीन छोराछोरी गुमाए; अम्नोन, तामार र अब्शालोम। र तैपनि, परमेश्वरले तिनि पट्टि आफ्नो पिठ्ठिउ फर्काउनुभएन। उनको जीवन अमूल्य नै रह्यो। यो परमेश्वरको भलाइ र उहाँको विश्वासयोग्यताको गवाही हो।

परमेश्वर र मानिसहरू बीचको खुला सम्बन्धको लागि येशूले हाम्रो लागि ढोका खोलिदिनुभयो। दाऊद परमेश्वरको हृदयको पछि लाग्ने मानिस थिए किनभने उहाँ जीवनको स्रोतमा फर्कनुभयो।

त्यो हामीले उहाँबाट सिक्न सक्छौं।

हामि पनि त्यो स्रोतमा जाऔं र अर्कोले पहिलो कदम चाल्नको लागि प्रतीक्षा नगरौं।

**प्रयोगः**

यो कथामा तपाई को हुनुहुन्छ?

- तपाईं दाऊद हुन सक्नुहुन्छ, घरमा कुराहरू सम्बोधन गर्न। आफ्नो व्यक्तिगत जीवन साझा गर्नुहोस्, पापलाई सम्बोधन गर्नुहोस्, हुनसक्छ आफ्ना बच्चाहरूलाई अनुशासन दिनुहोस्। घरमा पास्टर होइन, तर बुबा वा आमा।

- तपाईं अम्नोन हुन सक्नुहुन्छ, आफ्नो बहिनी (वा भाइ) विरुद्ध पाप गरेर। यसलाई पूर्ण मौनतामा राख्दै र कहिल्यै केहि भएको छैन जस्तो अभिनय। तपाईंले पश्चात्ताप गर्न आवश्यक छ, स्वीकार गर्न र क्षमा माग्न र आफ्नो पापको परिणाम सामना गर्न आवश्यक छ।

- तपाईं तामार हुन सक्छ। मानिसहरूले तपाईंको विरुद्धमा पाप गरेका छन् र तपाईंलाई भित्रैबाट बर्बाद बनाउदै हुनुहुन्छ। तपाईंले घटेका नराम्रा कुराहरूको बारेमा कुरा गर्न आवश्यक हुन्छ । परामर्श र समझ प्राप्त गर्नुहोस्। सायद पापीलाई पनि सम्बोधन गर्नु होला, चाहे त्यो पास्टर, पास्टरको छोरा वा एल्डर होस्। परमेश्वर तपाईको चंगाई बन्नुभएको होस्, विगतलाई छोडेर क्षमाको मार्ग खोज्नुहोस्।

- तपाईं अब्सालोम (वा अहिथोफेल) पनि हुन सक्नुहुन्छ, अन्यायको कारण र अरूको पापको प्रभावको कारणले गर्दा रिस र तिक्ततामा बाँचिरहेका। तपाईंले क्षमा दिनु पर्छ र आक्रोशले तपाईंलाई बर्बाद गर्न वा तपाईंको परिवार वा चर्चमा विभाजन ल्याउन दिनु हुँदैन।